
स्थानीय 'क' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
साप्ताहिक
वर्ष ११ , अंक १३, २०८१ कात्तिक ६ मंगलवार (Jhuleni Post Weekly 22 Oct. 2024) पृष्ठ ८, मुल्य रु. २०

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-8, बिजुवार
Email : jhulenipyuthan@gmail.com

## 'जाबुने कोट'मा एक्ला दलित पुजारी





**शशिधर भण्डारी**
प्यूठान

दर्जनौ कोट तथा शक्तिपीठहरु रहेको प्यूठानमा जातीय विभेद खेप्ने घटनाहरु घटिरहेकै हुन्छन्। सामाजिक अपराधकोरुपमा जातीय विभेदलाइ मानिन्छ । विशेष गरेर दसैको बेला जिल्लाका विभिन्न कोटहरुका मेला लाग्छन् । कोटहरुमा प्रवेश गरेर पूजा गर्न नपाएको समेत गुनासो दलित समुदायले गर्ने गर्दछन् । तर, प्यूठानकै यस्तो ठाउँ छ जहाँ दलित मुख्य पुजारी र गैर दलित सहायक पुजारी भएर मन्दिरको पूजा विधि धानिदैं आएको छ।

प्यूठानको ऐरावती गाउँपालिका-३ जावुनेदह स्थित आलमदेवी भगवतीको मन्दिरमा मुख्य पुजारी कामी अर्थात दलित समुदायका छन् ।
सहायकमा ब्राम्हण र घर्तिमगरले करिव ७ दशक देखि आलमदेवीको पूजापाठ गर्दै आएका छन् । दर्शनार्थीहरुले दलित पुजारीले दिएको फूल, प्रसाद र टीका खुसीले ग्रहण गर्छन ।

आशीर्वाद लिन्छन् । दलित र गैरदलित पुजारी मिलेर पूजाको विधि पुऱ्याउँछन् । जहाँ कुनै जातीय भेदभाव र छुवाछूत छैन । मन्दिरका मुख्य पुजारी रहेका रबिन सुनारले दलित भनेर आफुलाई आजसम्म कसैले पनि नराम्रो व्यवहार नगरेको बताए । उनले भने,'मलाई सबैले पुजारी भनेर सम्मान गर्नुभएको छ । सबैले मेरै हातबाट टीका-प्रसादी ग्रहण गर्नुहुन्छ ।' यो मन्दिरमा दशैंको प्रत्येक कोजाग्रत पूर्णीमाको दिन ठुलो मेला लाग्ने गर्दछ ।

मन्दिरमा २०१७ साल देखि नियमित दलित मुख्य पुजारी भएर पूजा गर्दै आएको पूजा व्यवस्थापन समितिका सल्लाहकार लिलामणी सुनारले जानकारी दिए । उनका अनुसार यहाँ कोजाग्रत पूर्णीमाको दिन बिहानै देखि होम गरी पूजाआजा गरिन्छ ।

बाँकी ८ पेजमा...

## सामाजिक समस्या बुझ्न प्रजिअ गाउँमा



**झुलेनी पोष्ट**
प्यूठान

जिल्लाका ग्रामिण क्षैत्रमा भइरहेका सामाजिक समस्याका बारेमा प्रमुख जिल्ला अधिकारी रमा आचार्य(सुवेदी)ले स्थानीयसंग छलफल थालेकी छन् । जिल्लाका दुर्गम क्षेत्रमा पुगेर समामाजिक समस्या बारे सचेतना अभियान संचालन गर्न थालिएको आचार्यले बताइन ।

भदौ अन्तिम साता प्रजिअको रुपमा प्यूठान आएकी आचार्यले मंगलबार प्यूठान नगरपालिका-५ जुम्रीकाँढा स्थित ठुलोगाउँका स्थानीय किशोर, किशोरी, उनीहरुका अभिभावकसंग छलफल अन्तरक्रियया गरेकी छन् । बालविवाह, महिला हिंसा, घरेलु हिंसा लगायत मदिराले निम्त्याउने समस्याहरुको बारेमा छलफल गरिएको प्रमुख जिल्ला अधिकारी आचार्यले बताइन् । उनले यस्तो अभियान स्थानीय तहसंगको समन्वयमा जिल्लाका सबै स्थानीय तहका दुर्गम बस्तिमा पुग्ने योजना रहेको सुनाइन् ।

'गाउँको अवस्था र समस्याहरु बुझेर समाधानका प्रयत्न थालेका छौ' उनले भनिन्, 'सामाजिक समस्याहरुलाई न्यूनिकरण गर्न समुदायलाइ पहिले तयार पार्नु पर्छ ।' समाजको अन्धविश्वास, अशिक्षा हटाउँदै बहस र पैरवीबा माध्ययमबाट समस्याहरु समाधान गर्न सकिने प्रजिअले विश्वास व्यक्त गरिन् । पछाडी परेको वर्गमा समुदायको बस्तिमै पुगेर गरिएको कार्यक्रम निकै प्रभावकारी भएको प्यूठान नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष नन्द बहादुर पुनले बताए ।

जिल्लामा आत्महत्या, बालबिबाह, बालिका आमा बन्ने समस्याहरु रहेका छन् । छलफल कार्यक्रममा प्रमुख जिल्ला अधिकारी आचार्य सहित जनप्रतिनिधि, प्रहरी, कर्मचारी, स्थानीय अगुवाहरु समेतको सहभागिता रहेको थियो ।
सहभागीहरुले बालविवाह, महिला हिंसा, घरेलु हिंसा लगायत सामाजिक समस्याहरुलाई समाधानका लागि सबैको एक्यवद्धता अवश्यकता रहेको बताए ।

### हाम्रो नजर

## झिमरुकमा कृषि हाटबजार



झिमरुक गाउँपालिकाले कृषि हाटबजार सञ्चालनका लागि तयारी थालेको छ। स्थानीय उत्पादनको बजारिकरणका लागि कृषि ब्यवसाय प्रवर्द्धन तथा बजारिकरण कार्यक्रम अन्तरगत कृषि हाटबजार सञ्चालन गर्न लागिएको गाउँपालिका अध्यक्ष पितबहादुर महतरा क्षेत्रीले बताए । स्थानीय कृषकबाट उत्पादिन कृषि उपजहरु हाटबजार मार्फत बिक्रिका लागि सहजिकरण गर्न गाउँपालिकाले यो आर्थिक वर्षदेखि हाटबजार सञ्चालन गर्ने कार्यक्रम ल्याएको उनको भनाई छ ।

अध्यक्ष महतरा क्षेत्रीका अनुसार गाउँपालिकाले जग्गा प्राप्त हुने वित्तिकै स्टल बनाउने कार्य सुरु गर्नका लागि बजेट ब्यवस्थापन गरिसकेको जनाएको छ। गाउँपालिका भित्र उत्पादन हुने आलु, बेसार(हलेदो), भटमास, कोदो र फापरको उत्पादन प्रवर्द्धन र बजारीकरणका लागि कृषकलाई उत्पादनको आधारमा अनुदान र संकलकका लागि अनुदान कार्यक्रम पनि सञ्चालन गर्न थालेको महतराले बताए। कोदो, फापर र भटमासमा प्रतिकिलो १० रुपैयाँ, काँचो बेसारमा प्रतिकिलो ५ रुपैयाँ र आलुमा प्रतिकिलो ६ रुपैयाँ कृषकलाई अनुदान दिने, सवै उत्पादनको संकलन र भण्डारणका लागि संकलनको जिम्मा लिने सहकारी वा समुहलाई प्रतिकिलो ३ रुपैयाँ अनुदान दिने र बजारीकरणको व्यवस्था गाउँपालिकाले गर्नेगरी कार्यविधी पास गरिएको अध्यक्ष महतराले बताए ।

झिमरुक गाउँपालिकाका चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तरगत कृषि उपज संकलन र हाटबजार सञ्चालनका लागि प्रक्रिया थालिएको प्रमुख प्रशासकीय अधिकृत कृष्णबहादुर थापाले बताए । मच्छी बजार क्षेत्रबाट बढिमा ५ सय मिटर दुरीमा रहनेगरी जग्गा भाडामा लिन गाउँपालिकाले १५ दिने सूचना समेत सार्वजनिक गरेको छ। संकलन तथा भण्डारणका लागि सहकारी र कृषक समुह सहभागि हुनुपर्ने भनेको छ ।


## जनहितमा जारी

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको ,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको ,
- खेतियोग्य जमिनमा सिँचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले :

**भूमिगत जलस्रोतको पुनर्भरणका लागि :**

- जलाधार क्षेत्रको संरक्षण गरौं ,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं ,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौं ,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं ,
- द्रुत जल प्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं । दिगो विकासमा योगदान गरौं ।

जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय ,प्यूठान

झुलेनी पोष्ट
सम्पादकीय....

# खेलकुद गतिविधि ब्यवस्थित गर

स्वास्थ्य,आत्मसम्मान र पहिचानका लागि खेलकुद अत्यन्तै महत्वपूर्ण छ। पछिल्लो समय स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म नेपाली खेलाडिले गरेको प्रभावशाली प्रदर्शन र आम नागरिकमा जागेको खेलकुदप्रतिको मोह र आकर्षणले खेल क्षेत्रलाई थप रोमाञ्चकारी मात्र बनाएको छैन, खेलकुदमै आफ्नो भविश्य खोज्नेहरुमा उत्साह पनि थपेको छ।

स्थानीय तह र विद्यालय स्तरदेखि नै विकास हुँदै जाने खेल क्षेत्रतर्फ राज्यले भने चासो दिएको पाईदैन। संस्थागत संरचनाहरु केवल राजनीतिक नियुक्तिका केन्द्र मात्र बनेका छन्। विनियोजन हुने बजेटपनि सानो आकारका र स्वार्थ अनुकुलका हुँदा त्यसको प्रभावकारीता न्यून छ।

अझ खेल क्षेत्रमा छुट्याईने पूँजीगत योजनाहरु त खेलाडिको अनुकुलतामा होईन ठेकेदारको अनुकुलतामा छुट्टीने गरेका छन्। खेल क्षेत्रको दीर्घकालिन विकासका लागि पूर्वयोजना र दिगो अवधारण बनाउनेतर्फ सरकारको ध्यान नजाँदा विभिन्न ठाउँमा बनेका खेलमैदान र खेलकुदका संरचनाहरु प्रयोगविहिन र बेवारिसे बनेका छन्।

प्यूठान जिल्लामा पनि समुदायस्तरमै खेलकुदप्रतिको मोह बढ्दो क्रममा छ। आम नागरिक स्तरबाटै हप्तौं सम्मका खेलकुद कार्यक्रमहरु र लाखौं रुपैयाँसम्म पुरस्कार रासि रहेका प्रतियोगिता आयोजना हुने गरेका छन्। आम नागरिकस्तरबाट विभिन्न समुह र क्लवका नाममा आयोजना हुने यस्ता कार्यक्रमहरुलाई प्रवर्द्धन, प्रोत्साहन गर्दै आवश्यकता अनुसार ब्यवस्थापन तथा नियमन गर्नेतर्फ भने सरकारी निकायको कुनै चासो छैन। स्थानीय सरकारहरु यस्ता कार्यक्रमको भित्रि पाटोसंग बेखवरजस्ता हुने र केवल उद्घाटन र समापनमा मात्र जोडिने गरेका छन्।

खेलकुल विकास समिति केवल औपचारिकतामा सिमित छ। सरकारका संरचनाहरु केवल राजनीतिक नियुक्तिका केन्द्र बन्नेतर्फ अग्रसर छन। खेल क्षेत्रको दीर्घकालिन विकास र ब्यवस्थापन हुन सक्योभने खेलाडीहरु ब्यवसायिक रुपमै यो क्षेत्रमा टिक्न सक्छन्। त्यसका लागि राज्यले खेल क्षेत्रको अल्पकालिन र दीर्घकालिन योजनाहरु बनाउदै कार्यन्वयनमा लैजानुपर्दछ।

समुदायस्तरबाट हुने कार्यक्रमहरुमा अपनत्व लिदै त्यसको ब्यवस्थापनमा जोड दिनु पर्दछ। स्वत स्फूर्तरुपमा स्थानीय युवाहरुले आयोजना गर्ने कार्यक्रममा स्वदेश तथा विदेशबाट सहयोगदाताहरुले लाखौं रुपैयाँ सहयोग गर्ने तर, त्यो क्षेत्र सरकारको प्राथमिकतामा नपर्ने विषय सकारात्मक होईन। यसकारण खेल क्षेत्रको दिगो र व्यवस्थित विकास, दीर्घकालिन पूर्वाधार विकास र औचित्य एवं आवश्यकताका आधारमा कार्यक्रमको प्राथमिकिकरणका लागि स्थानीय तहदेखि नै खेल क्षेत्रको विकासको स्पस्ट खाका र नीति निर्माण गरेर अगाडि बढ्नु आवश्यक छ।

# नियन्त्रणमुखी नबनोस् संघसंस्था लक्षित सदाचार नीति



राजेश कर्ण

**नेपाल आफ्नो विकास यात्राको महत्वपूर्ण मोडमा उभिएको छ। सदाचार नीतिको प्रस्तावले देशको विकास प्रक्रियामा योगदान पुऱ्याउने संघसंस्थाहरू उपर बढी नियन्त्रणमुखी हुनसक्ने जोखिमप्रति सरोकारवालाहरू चिन्तित देखिन्छन्।**

नेपाल सन् २०२६ सम्ममा अल्पविकसित देश (एलडीसी) को दर्जाबाट बाहिर निस्कने र सन् २०३० सम्ममा दिगो विकास लक्ष्यहरू (एसडीजी) प्राप्त गर्ने आफ्नो महत्वाकाङ्क्षी लक्ष्यतर्फ अग्रसर भइरहेको छ। यही सन्दर्भमा सांसद, सरकारी कर्मचारी, निजी क्षेत्र लगायत राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सहित सबै क्षेत्रमा सुशासन प्रवर्धन गर्ने सदाचार (इन्टिग्रिटी) नीति वा आचारसंहिता बनाउने लक्ष्य सरकारले राखेको छ।

यसले नेपालको विकास परिदृश्यमा नागरिक समाज सङ्गठन (सीएसओ)हरू र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरू (आईएनजिओ) को भूमिकाबारे गहन बहस निम्त्याएको छ।नेपालको विकास क्षेत्रमा सरकारी परियोजनाहरू बाहेक विभिन्न विदेशी दूतावासहरू तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूद्वारा परिचालित अनेकौं अन्तर्राष्ट्रिय विकास फर्महरूका अतिरिक्त ५० हजारभन्दा बढी नेपाली गैरसरकारी संस्थाहरू र १७५ भन्दा बढी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू क्रियाशील रहेका छन्। नेपाल भित्रिने सबै प्रकारका वैदेशिक सहयोगको लेखाजोखा गर्ने प्रभावकारी र पारदर्शी संयन्त्र निर्माण गर्न बाँकी नै छ।

यो अवस्थामा आ.व. २०७८/७९ देखि २०८०/८१ मा करीब १ खर्ब ८९ अर्ब बराबरका परियोजना स्वीकृति र सम्झौता समाज कल्याण परिषद मार्फत भएको छ। यी संस्थाहरूले देशको प्रगतिमा विशेषगरी शिक्षा, स्वास्थ्य सेवा र सामुदायिक विकास जस्ता क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ। यद्यपि, यी संस्थाहरूलाई लक्षित गरी केही समयदेखि विकास भएका घटनाक्रमहरूले अधिक नियन्त्रण र छानबिनतर्फ प्रयासहरू लक्षित भएको अवलोकन गर्न सकिन्छ। यसले विकासोन्मुख र विकसित दुवै प्रकारका देशहरूमा देखिएको व्यापक प्रवृत्तिलाई प्रतिबिम्बित गर्दछ।

**तुलनात्मक विश्लेषण**

सदाचार नीति वा आचारसंहिताको निर्माण तथा कार्यान्वयनको प्रयासमा विभिन्न देशहरूका अनुभवहरूबाट नेपालले लाभ प्राप्त गर्न सक्छ। केही विदेशी अनुभवहरू हेरौं:

**चीनः** सन् २०१७ को ओभरसिज एनजीओ कानूनले देशमा सञ्चालन हुने आईएनजिओहरूमाथि नियन्त्रणलाई निकै कडा बनाएको छ। यसले एकातिर चीन सरकारको नियन्त्रणलाई विशेष स्थान दिएको छ भने अर्कोतर्फ नागरिक समाज सङ्कुचित हुने बारे पनि चिन्ता बढाएको छ।

भारतः भारतले क्षेत्र-विशिष्ट दिशानिर्देशहरू र स्वेच्छिक अनुपालनलाई स्थान दिएर अधिक विकेन्द्रीकृत दृष्टिकोण लिएको छ। यद्यपि, विदेशी योगदान नियमन ऐन (एफसीआरए) गैरसरकारी संस्थाहरूका लागि विदेशी कोष प्रतिबन्धित गर्न प्रयोग गरिएको छ। यसको परिणामस्वरूप सन् २०१४ देखि १९ हजार गैर-सरकारी संस्थाहरूको अनुमतिप्रत्र खारेज गरिएको छ।अमेरिकाः यहाँ गैर-सरकारी संस्थाहरूका लागि कडा वित्तीय प्रतिवेदनका आवश्यकता र पारदर्शिताका मापदण्डहरू सहित बलियो नियामक ढाँचा छ। यद्यपि, यसले गैर-नाफामूलक क्षेत्रलाई प्रवर्धन गर्नका लागि परोपकारी दान गरेबापत कर प्रोत्साहनको व्यवस्था पनि गरेको छ।

**जर्मनीः** यहाँ गैर-सरकारी संस्थाहरूको नियमनका लागि एक प्रभावकारी संयन्त्रको निर्माण गरिएको छ। त्यस अन्तर्गत निरीक्षणका साथै सहायता पनि उपलब्ध गराइन्छ। गैर-सरकारी संस्थाहरू आफ्नो स्वतन्त्रता कायम राख्दै सरकारी कोष र करका लाभहरू प्राप्त गर्दछन्।

**बेलायतः** बेलायतको च्यारिटी आयोगले गैर-सरकारी संस्थाहरूको निरीक्षण र नियमन गर्नुका साथै उनीहरूलाई कानूनी आवश्यकताहरू पूरा गर्न मद्दत गर्न मार्गदर्शन र समर्थन पनि प्रदान गर्दछ। देशले समृद्धिको यात्रा तय गरिरहँदा जवाफदेहिता सुनिश्चित गर्न र एनजिओ र आईएनजिओहरूको बहुमूल्य योगदान कायम राख्न बीचको नाजुक सन्तुलन कायम गर्नुपर्दछ।

**क्यानडाः** यहाँ पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न परोपकारी र गैर-नाफामुखी संस्थाहरू, विशेषगरी विदेशी कोष प्राप्त गर्नेहरूका लागि कडा प्रतिवेदनका आवश्यकताहरू लागू गरेको छ। एक सन्तुलित दृष्टिकोण मार्फत उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गर्नुका साथसाथै गैर नाफामूलक क्षेत्रलाई फस्टाउनका लागि विभिन्न प्रकारका सहयोगहरूको व्यवस्था पनि गरेको छ।

**अष्ट्रेलियाः** अस्ट्रेलियन च्यारिटी र नाफा नकमाउने आयोग (एसीएनसी) ले यस क्षेत्रलाई नियमन गर्नुका साथै यी संस्थाहरूलाई फस्टाउनका लागि विभिन्न प्रकारका स्रोत र समर्थन पनि उपलब्ध गराउँदछ।

**नेपालमा सम्भावित प्रभाव**

वर्तमान वैश्विक, क्षेत्रीय र आफ्नै देशको परिप्रेक्ष्यमा कडा सदाचार नीतिको कार्यान्वयनले नेपालमा आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा दूरगामी परिणामहरू निम्त्याउन सक्छ।

**उदाहरणका लागिः**

आर्थिक प्रभावः वैदेशिक सहयोग लक्षित प्रतिबन्धात्मक व्यवस्थाले एनजिओ र आईएनजिओहरूका लागि उपलब्ध स्रोतहरूलाई उल्लेखनीय रूपमा घटाउन सक्छ। नेपाल जस्ता धेरै विकासोन्मुख देशहरूमा विकास लक्ष्यहरू प्राप्त गर्न पर्याप्त वित्तीय अन्तरको सामना गरिरहेको सन्दर्भमा यो विशेष चिन्ताको विषय हो। दिगो विकास लक्ष्यहरू मात्र नभई नेपालको आफ्नो समृद्धि र विकासका उद्देश्यहरूको प्राप्तिका लागि वैदेशिक सहयोगको विकल्पको लागि हामी तयार हुन बाँकी नै रहेको छ। सामाजिक प्रभावहरूः नागरिक समाज सङ्गठनहरू सम्भावित कमजोर हुने र उनीहरूको स्वतन्त्र रूपमा सञ्चालन गर्ने क्षमतामाथि कडा व्यवस्थाले थप चिन्ता बढाउन सक्छ। समाजमा पछाडि परेका र मूलधारबाट बाहिर रहेका समुदायहरूको लागि गरिने वकालतका प्रयासहरूमा प्रतिबन्ध र संवेदनशील मुद्दाहरूमा काम गर्ने गैरसरकारी संस्थाहरूमाथिको अंकुशले महत्त्वपूर्ण सामाजिक चुनौतीहरूलाई सम्बोधन गर्ने सामाजिक तथा आर्थिक क्षेत्रका राज्यका प्राथमिकताहरूको कार्यान्वयनमा गम्भीर

असर पार्न सक्छ। राजनीतिक प्रभावः

बाँकी ७ पेजमा...

नियमित रूपमा आँखाको जाँच गराऔं

आँखा सम्बन्धी समस्या भएका आँखाका बिरामीहरूले बेलैमा आँखाको परीक्षण गराऔं। साथै सबैले समय समयमा आफ्नो आँखाको जाँच गराई आँखाको समस्याबाट बचौं।






स्थानीय तहहरूसँगको सहकार्यमा ज्येष्ठ नागरिकहरूको निःशुल्क आँखा परीक्षण समेत गरिरहेकोले ज्येष्ठ नागरिकहरूले आफ्नो नागरिकताको फोटोकपी लिएर निःशुल्क रूपमा सेवा लिन नभुलौं। आँखा धमिलो देखिने र मोतीविन्दु भएका बिरामीहरूले चेक जाँच गरेर विभिन्न समयमा हुने शिविरमा शल्यक्रिया सेवा पनि प्रदान गरिनेछ।

लक्ष्मी मल्ल ठकुरी
प्रमुख

आँखा उपचार केन्द्र एवं प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवार, प्यूठान

# पातालदेवी (भुवनेश्वरी), देविस्थान



तस्बिरमा देखिएको मन्दिर माण्डवी गाउँपालिका वडा नम्बर ३ मा पर्दछ । स्थानीय मानिसहरूले यी देवीलाई पातालदेवी वा भुवनेश्वरी देवीको नामले पनि सम्बोधन गरेको पाइन्छ। मध्यकालीन उदयपुर राज्यसँग सांस्कृतिक सम्बन्ध रहेको कारणले यसको ऐतिहासिक महत्व रहेको छ। मन्दिर निर्माणको इतिहास स्पष्ट हुने कुनै लिखित सामग्रीहरू प्राप्त हुन सकेको छैन । किम्बदन्ती अनुसार उदयपुरकोट राज्यको स्थापनासँगै शक्ति उपासनाको उदेश्यले खड्गदेवीको रूपमा यो मन्दिर स्थापना गरिएको थियो। यस आधारमा कतिपय मानिसहरू यस मन्दिरको इतिहास करिब ५०० वर्ष पुरानो हुनसक्ने अनुमान गर्दछन् ।

उदयपुर राज्य नेपालमा एकिकृत भएपछि यी देवीको स्वरूपमा परिवर्तन भई स्थानीय मानिसहरूले यिनलाई पातालदेवी/भुवनेश्वरी देवी भन्न थालेको देखिन्छ। वर्तमान मन्दिरको भौतिक स्वरूप भने त्यति पुरानो देखिदैन।

वर्तमान मन्दिर पर्खालमा ढुङ्गा माटो प्रयोग गरेर करिब १२ वर्ग फिट क्षेत्रफलमा करिब १५ फिट अग्लो हुने गरी बनाइएको छ।

आरम्भमा यो मन्दिरमा चारपाखे खरको छानो राखिएको थियो । वि.सं. २०५७ सालमा स्थानीय प्रहरी चौकीका प्रहरी कर्मचारी तथा स्थानीय व्यक्तिहरूको सकृयतामा मर्मत गरी जस्ताको छानो राखिएको छ।

उदयपुर राज्य अस्तित्वमा रहदाँसम्म दसैको फूलपातिमा यही देवीको मन्दिरबाट उदयपुरकोटको दसै घरमा फूलपाती लैजाने गरिन्थ्यो। सरायँ नाँच नाच्दै फूलपाती दरबारतर्फ हिँडाइन्थ्यो । बाटोमा पाइने फूल पातीहरू डोलीमा थाप्दै अन्त्यमा दरबार परिसरको दसैं घरमा भित्र्याइन्थ्यो । यस मन्दिरमा दसैंको अवसरमा बोका बलि चढाएर देवीको पूजा गरिन्थ्यो भन्ने तथ्य बूढापाकाहरूबाट प्राप्त हुन आएको छ। उदयपुरकोट राज्य नेपालमा गाभिएपछि यो परम्परा पनि अन्त्य भयो। यद्यपि अहिले पनि उदयपुर राज्यको तर्फबाट राखिएको देवीस्थान मौजा गुठीबाट उक्त राजगुरुकै सन्तानहरूले मन्दिरमा पूजाआजा गर्दै आएका छन् । मध्यकालीन समयदेखि हालसम्म पनि दसैंको अवसरमा यहाँ बलि सहितको दुर्गा पूजा हुने गर्दछ। यसरी हेर्दा यी देवी दुर्गा स्वरूपकी भगवती रहेको देखिन्छ। पछि मात्र यिनलाई पातालदेवी अथवा भुवनेश्वरी भन्न थालिएको बुझिन्छ।


भाषा सिकौं
कोरिया तथा जापान जाऔं

- नेपालका सर्वोउत्कृस्टक प्रशिक्षकद्धारा कोरियन तथा जापानिज भाषा प्रशिक्षण गराइने ,
- एकपटक भर्ना भएपछि इज्जामको डेटसम्म पढ्न मील्ने ,
- सम्पुर्ण बुक मिनीङ बुक र पिडिएफ पाइल उपलब्ध गराईने ,

बिजुवार भौकाको लागि सम्पर्क
९८६९१३८०७९
बाग्दुलाको लागि सम्पर्क
९८५७०७९८६०

द बेस्ट एजुकेशन फाउन्डेशन
प्यूठान न.पा.८ बाग्दुला प्यूठान



जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौ खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर वर्गीकरण गरौं,र दुई छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारका फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं ।

अनुरोधक :
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान



मल्लरानी ट्रेडर्स एण्ड सप्लायर्स
प्रो. बिपिन श्रेष्ठ
राम के सी
प्यूठान न.पा ४ जाल्पादेवी रोड जुम्री, प्यूठान
९८५७८३३७६२
९८४७८७४५२४
हामी कहाँ सिमेन्ट, सरिया, ईटा, जस्ता पाता तथा हार्डवेयर सम्वन्धी सम्पुर्ण सामानहरु पाउनुका साथै घर निर्माणका सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ ।


# स्वास्थ्य बीमा किन चाहिन्छ ? स्रोत कसरी जुटाउने?

**स्वास्थ्य बीमा अन्तर्गत पाँच जनासम्म सदस्य रहेको परिवारले साढे तीन हजार रूपैयाँ योगदान गर्दा वार्षिक एक लाख रूपैयाँसम्मको निःशुल्क उपचार पाउँछन्। परिवारमा पाँचजना भन्दा धेरै सदस्य भए प्रत्येक थप सदस्य बराबर ७०० रूपैयाँ प्रिमियम तिरेमा प्रत्येक सदस्यबापत २० हजार रूपैयाँका दरले दुई लाख रूपैयाँसम्मको निःशुल्क उपचार सुविधा प्राप्त हुन्छ।**



डा. केशव पौडेल

नेपालमा यही असोज दोस्रो साताको भारी वर्षाका कारण आएको बाढीपहिरोमा परी २३० जनाभन्दा बढीको ज्यान गयो। अर्बौं रूपैयाँको भौतिक क्षति भयो। नेपाल संसारमै प्राकृतिक प्रकोपको उच्च जोखिम भएका मुलुकहरूमध्ये पर्छ। प्रकोपका कारण बेघरबार हुने त छँदैछ, स्वास्थ्य उपचारमा लाग्ने खर्च जुटाउन ऋण खोज्नु परेर पनि कतिपय नेपाली गरिबीको रेखामुनि पुगेका छन्। यो लेखमा सबै नेपालीलाई गुणस्तरीय स्वास्थ्य सेवा कसरी पुऱ्याउन सकिएला भन्नेबारे चर्चा गरेको छु।

स्वास्थ्य बीमा किन?

बेलायत, स्वीडेन र यस्तै धनी मुलुकले आफ्ना नागरिकले तिरेको करबाटै सबै नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा दिएका छन्। नेपाल जस्तो न्यून आय भएको मुलुकका लागि त्यसो गर्न सम्भव हुँदैन। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा प्रकाशित नेसनल हेल्थ एकाउन्ट, २०२३ का अनुसार सन् २०१८/१९ मा सरकारी तथा व्यक्तिगत समेत गरी नेपालमा स्वास्थ्य क्षेत्रमा गरिएको कुल खर्च झन्डै १८४ अर्ब रूपैयाँ थियो। सन् २०१९/२० मा त्यस्तो खर्च बढेर २२३.४ अर्ब रूपैयाँ पुगेको थियो। यो रकम कुल गार्हस्थ उत्पादन (जिडिपी) क्रमशः ५.३ प्रतिशत र ५.८ प्रतिशत हो।

सरकारले हरेक वर्ष स्वास्थ्य क्षेत्रमा अर्बौं रूपैयाँ खर्च गर्दा पनि उपचारमा आमनागरिकको निजी लगानी घट्न सकेको छैन। विश्व बैंकले सन् २०१० मा गरेको एक अध्ययन अनुसार राज्यले स्वास्थ्य क्षेत्रमा गर्ने खर्चमध्ये नेपाली नागरिकले आफ्नो खल्तीबाट ५० प्रतिशत खर्च गर्थे। स्वास्थ्य मन्त्रालयका अनुसार अहिले नेपाली नागरिकले स्वास्थ्य उपचारमा आफ्नो खल्तीबाट गर्ने खर्च बढेर ५७ प्रतिशत पुगेको छ। यस्तो स्थिति लामो समय धान्न सम्भव हुँदैन।

नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना (२०७९/८०–२०८७/८८) अनुसार हाल नेपालको युनिभर्सल हेल्थ कभरेज इन्डेक्स (स्वास्थ्यमा सर्वव्यापी पहुँच सूचकांक) ५३ प्रतिशत छ। यसको अर्थ झन्डै आधा जनसंख्याले अहिले पनि भरपर्दो स्वास्थ्य सेवा पाएका छैनन्।

राज्यले दिने स्वास्थ्य सेवामा आमनागरिकलाई जोड्ने र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउने उद्देश्यले नेपाल सरकारले २०७२ चैतमा परिवारमा आधारित स्वास्थ्य बीमा कार्यक्रम सुरू गरेको थियो।

स्वास्थ्य बीमा बोर्डका अनुसार स्वास्थ्य बीमा कार्यक्रममा आर्थिक वर्ष २०८०/८१ सम्म जम्मा ८१,१४,५९४ जना (२८ प्रतिशत) नागरिक र २५,१४,२२० (३८ प्रतिशत) परिवार आबद्ध भएका छन्। कुल बीमितमध्ये ४८ प्रतिशतले स्वास्थ्य बीमामार्फत स्वास्थ्य सेवा लिएका छन्। सो वर्ष कुल बीमित नागरिकमध्ये ६२ प्रतिशतले नवीकरण गरेको देखिन्छ।

हाल सरकारी र सामुदायिक गरी कुल ४७७ वटा स्वास्थ्य संस्थाबाट सेवा प्रवाह भएको बोर्डको भनाइ छ। स्वास्थ्य बीमा कार्यक्रम देशका सबै जिल्लाका सबै स्थानीय तहसम्म विस्तार भएको भनिएको छ।

स्वास्थ्य बीमा अन्तर्गत पाँच जनासम्म सदस्य रहेको परिवारले साढे तीन हजार रूपैयाँ योगदान गर्दा वार्षिक एक लाख रूपैयाँसम्मको निःशुल्क उपचार पाउँछन्। परिवारमा पाँचजना भन्दा धेरै सदस्य भए प्रत्येक थप सदस्य बराबर ७०० रूपैयाँ प्रिमियम तिरेमा प्रत्येक सदस्यबापत २० हजार रूपैयाँका दरले दुई लाख रूपैयाँसम्मको निःशुल्क उपचार सुविधा प्राप्त हुन्छ।

सरकारले २०८० माघ १ गतेदेखि को-पेमेन्ट प्रणाली लागू गरेको छ। यसमा बीमितले उपचार खर्चमध्ये बीमाको सीमाभित्र रहेर १० प्रतिशत रकम तत्कालै सेवा प्रदायक संस्थालाई बुझाउनुपर्छ।

स्रोत कसरी जुटाउने?

वर्ष २०८१/८२ मा कुल बजेट १८ खर्ब ६० अर्ब रहेकोमा स्वास्थ्य क्षेत्रमा ८६ अर्ब २४ करोड रूपैयाँ छुट्ट्याइएको छ। यसमध्ये स्वास्थ्य बीमाका लागि जम्मा ७ अर्ब ५० करोड रूपैयाँ मात्रै विनियोजित छ। यो रकम अपर्याप्त छ।विश्व स्वास्थ्य संगठनले सुर्तीजन्य उत्पादनमा ७५ प्रतिशतसम्म कर लगाउन सुझाब दिएको छ। तर नेपालमा यस्तो कर १६ प्रतिशतभन्दा पनि कम छ। छिमेकी मुलुकको तुलनामा नेपालमा मदिराजन्य पदार्थमा पनि कर निकै कम छ। अर्थ मन्त्रालयद्वारा प्रकाशित आर्थिक सर्वेक्षण अनुसार नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० मा एक खिली बिँडीमा ३० पैसा र एक खिली चुरोटमा ६० पैसा स्वास्थ्य जोखिम कर लगाएको थियो। यस्तो कर खैनी, सुर्ती पानमसला, गुट्खा जस्ता सुर्तीजन्य पदार्थमा प्रतिकिलो ६० रूपैयाँ लिएको थियो। उक्त आर्थिक वर्षमा स्वास्थ्य जोखिम करबाट झन्डै साढे ६ अर्ब रूपैयाँ राजस्व संकलन भएको थियो। आन्तरिक राजस्व विभागको पछिल्लो वार्षिक प्रतिवेदन अनुसार २०७५/७६ मा मदिरा बिक्रीमा लगाइएको अन्तशुल्कबाट २० अर्ब ८९ करोड र बियरको बिक्रीमा लगाइएको अन्तशुल्कबाट १२ अर्ब ३८ करोड रूपैयाँ राजस्व संकलन भएको थियो। २०७९/८० मा मदिरा र बियर बिक्रीमा लगाइएको अन्तशुल्कबाट क्रमशः ३२ अर्ब ६१ करोड र १९ अर्ब २१ करोड गरी कुल ५१ अर्ब ८२ करोड रूपैयाँ राजस्व संकलन भएको थियो। चिनीजन्य खाद्य, जंक फुड आदिको कर बढाएर पनि अर्बौं रूपैयाँ संकलन गर्न सकिन्छ।

यसरी कर बढाउँदा स्वास्थ्यमा खराब असर गर्ने सुर्तीजन्य पदार्थको उपभोग घट्ने गरेको अन्तर्राष्ट्रिय अनुभवले देखाएको छ। यस्तो नीतिले राज्यको राजस्व बढ्ने छ। यसरी उठेको रकम जनताकै स्वास्थ्य उपचारमा खर्च हुनेछ। सुर्तीजन्य पदार्थको उपभोग कम हुँदा रोग पनि कम हुनेछ। आर्थिक वर्ष २०६४/६५ मा नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी) ८ खर्ब १५ अर्ब थियो। २०८०/८१ मा ५७ खर्ब ५ अर्ब पुग्ने अनुमान छ भने प्रतिव्यक्ति आय ४९१ डलरबाट बढेर १ हजार ४५६ डलर पुगेको छ। यसरी प्रतिव्यक्ति आय बढ्दै जाँदा गरिबीको रेखामुनि रहेका नागरिकबाहेक अन्यले स्वास्थ्य बीमाको प्रिमियम तिर्न सक्ने अपेक्षा गरिएको छ। वैदेशिक रोजगारीमा रहेका १० लाखभन्दा बढी नेपाली श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध भएका छन्। हालसम्म कोषमा ६३ अर्ब रूपैयाँभन्दा बढी संकलन भएको छ।सामाजिक सुरक्षा कोषसँग सहकार्य गरी विदेशमा कार्यरत नेपालीका परिवारलाई पनि स्वास्थ्य बीमामा समेट्न पहल गर्नुपर्ने देखिन्छ।

सुर्तीजन्य कर, प्रशोधित खाद्य पदार्थ (जंक फुड) कर, चिनीजन्य खाद्य र पेय पदार्थमा कर अनिवार्य गर्नुपर्छ। वातावरणीय प्रदूषण गराउने जैविक इन्धन, प्लास्टिक आदिमा पनि कर बढाउनुपर्छ। विभिन्न शीर्षकमा सञ्चालित स्वास्थ्य कार्यक्रमहरू एकीकृत गर्नुपर्छ। यसो गर्ने हो भने स्वास्थ्य बीमा कोषका लागि पर्याप्त स्रोत जुटाउन सकिन्छ। आयकरबाट प्राप्त हुने राजस्वबाट एक वा दुई प्रतिशत स्वास्थ्य बीमाका लागि छुट्ट्याउने हो भने यसले स्रोत सुनिश्चित गर्न मद्दत पुग्नेछ। सरकारी कर्मचारीका लागि पनि स्वास्थ्य बीमा अनिवार्य गर्ने र तलबको निश्चित प्रतिशत योगदान गर्ने व्यवस्था गर्ने हो भने बीमा कार्यक्रम दिगो बनाउन मद्दत पुग्नेछ। यसबाट आमनागरिकमा स्वास्थ्य बीमाबारे सकारात्मक सन्देश पुग्नेछ।

कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, प्रहरी कल्याणकारी कोष र सैनिक कल्याणकारी कोषसँग सहकार्य गरेर पनि थप रकम जुटाउन सकिन्छ। हाल नेपालको झन्डै तीन करोड जनसंख्यामध्ये ५० लाख जति मुलुकबाहिर छ। करिब ४० लाख विपन्न नागरिकको बीमा सरकारले नै तिर्नुपर्छ। अरू दुई करोड नागरिक (औसत परिवार संख्या पाँच जनाको दरले हुने ४० लाख परिवार) ले स्वास्थ्य बीमा बापत वार्षिक साढे तीन हजार रूपैयाँ तिर्दा १४ अर्ब रूपैयाँ जम्मा हुन्छ। उल्लिखित स्रोतहरू परिचालन गरेर आउँदो पाँच वर्षभित्र स्वास्थ्य बीमाका लागि वार्षिक सय अर्ब रूपैयाँभन्दा बढी जुटाउन सकिन्छ।

नेपालले अहिले नै स्वास्थ्य क्षेत्रमा लगानी दोब्बर गर्न सम्भव नहोला तर स्वास्थ्य सेवामा सुधार गरेर, चुहावट घटाएर, सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा एकीकृत गरेर स्वास्थ्य बीमाको रकम बढाउन सम्भव छ।अर्थतन्त्रको आकार बढ्दै जाँदा आउँदो पाँच-सात वर्षमा स्वास्थ्य क्षेत्रको लगानी हालको भन्दा

बाँकी ८ पेजमा...


## गाउँपालिकाबासीलाई अनुरोध

चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं।
चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं।
संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पंक्षको संरक्षण गरौं।
सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं।
चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं।

अनुरोधक :
**सरुमारानी गाउँपालिका,**
**गाउँकार्यपालिकाको कार्यालय, बड्डाँडा, प्यूठान**



## स्वास्थ्य कार्यालय प्यूठानको झाडापखालासम्बन्धी सन्देश

हाल प्यूठान जिल्लाका केहि स्थानहरुमा झाडापखाला रोग लागेका ; हैजाको चिन्ह तथा लक्षण भएका बिरामीहरु देखा परेको र २ जनामा हैजाको संक्रमण पुष्टी भईसकेको हुदाँ सबैले साबधानी अपनाउनुहुन अनुरोध छ।

हैजा "भिब्रियो कोलेरा" नामक जिबाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखाला सम्बन्धी रोग हो। यो रोग संक्रमित ब्यक्तिको दिसाको माध्यमबाट बाहिरी बातावरणमा पुग्दछ र स्वस्थ मानिसमा दुषित खाना वा पानीको माध्यमबाट सर्दछ। गर्मी तथा बर्षायाम सुरु भएसँगै झाडापखाला, हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन जरुरी छ।

पखालाको जोखिममा कुन समुह बढि पर्दछन् ?

- स्तनपान नगराइ बोतलको दुध खुवाइएका बच्चाहरु।
- कुपोषित बालबालिका ,दुषित खाना र पानी सेवन गरिरहेका व्यक्तिहरु।
- ब्यक्तिगत सरसफाईमा ध्यान नदिएका व्यक्तिहरु ,खोप नपाएका बच्चाहरु।
- घर बाहिर बढि हिड्डुल गर्ने , बाहिर खाना खाने व्यक्तिहरु।

**हैजाका लक्षणहरुः**

-पातलो चौलानी पानी जस्तो दिसा हुने।
-वाकवाकी लाग्ने र बान्ता हुने ,कडा किसिमको जलवियोजन हुने।
- पेट दुख्ने ,ज्वरो आउने ,असाध्यै तिर्खा लाग्ने।

हैजाबाट बच्ने उपायहरु :

-खुला ठाउँमा दिसा /पिसाब नगर्ने , चर्पिमा मात्र दिसा पिसाब गर्ने।
-दिसा पिसाब गरिसकेपछी साबुनपानीले अनिवार्य मिचिमिचि हात धुने।
-खाना बनाउनु , खुवाउनु र खानु अघि साबुन पानीले मिचिमिची हात धुने।
-पानी उमालेर , सोडीस गरेर , फिल्टर गरेर वा पानीमा क्लोरीन झोल मिलायर मात्र पिउने।
- बासी , सडेगलेको , काँचो र झिङ्गा बसेको खानेकुराहरु नखाने।
-खानेपानीको मुहान सफा र सुरक्षित राख्ने र बेलाबेलामा पानीको जाँच गराउने।
-बर्षायाममा बाहिर बाहिर वा जंगलमा जाँदा घरैबाट शुद्ध पानी बोकेर जाने, खोलाको पानी नपिउने।

**घरेलु उपाय :**

- झाडापखाला हुँदा शरिरबाट धेरै पानी खेर जाने हुँदा जलबियोजन भएर मृत्यु पनि हुन सक्ने भएकोले झाडापखाला हुन साथ १ लिटर सफा पानीमा १ पुरिया जीबनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने।
-प्रशस्त मात्रामा सफा झोल खानेकुराहरु पटक पटक दिने।
-नरम तथा सजिलै पच्ने खानेकुराहरु पटक पटक खुवाईरहने।
- स्वास्थ्यकर्मीले सिफारीस गरे अनुसार जिङ्क चक्की नबिराईकन खुवाउने।
-व्यक्तिगत सरसफाईमा ध्यान दिने , र स्वच्छ पानी तथा खाना खाने।

थप जानकारीको लागि नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने वा महिला सामुदायिक स्वंयम् सेविकासंग सल्लाह लिने।

अनुरोधक :
**स्वास्थ्य कार्यालय, प्यूठान**

झुलेनी युनाइटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# पशुपतिनगरले स्थापना दिवस मनायो



झुलेनी पोष्ट
प्यूठान

पशुपतिनगर टोल विकास संस्थाले स्थानीयको स्वास्थ्य जाँच गरि स्थापना दिवस मनाएको छ। प्यूठान नगरपालिका २ जुम्री स्थित उक्त संस्थाको स्थापना दिवसमा शुक्रवार स्थानीयको मदुमेह, एच आइ भी, रक्तचाप (प्रेसर जाँच) गर्नुका साथै र रक्तदान कार्यक्रम गरिएको अध्यक्ष मुक्तिप्रसाद शर्माले बताए।

प्युठान नगरपालिकामा संस्था दर्ता गरेको पहिलो उत्सवमा आयोजित कार्यक्रममा ६९ जनाको स्वास्थ्यजाँच गरिएको छ। १९ जनाले रक्तदान गरेको शर्माले बताए। टोलमै स्वास्थ्यजाँच गर्न पाएपछि स्थानीयले खुसि ब्यक्त गरेका छन्। कार्यक्रममा ६८ जनाको एच आइ भी जाच गर्दा सबैको नतिजा नेगेटिभ आएको प्यूठान प्लसका कार्यक्रमकी सहजकर्ता सर्मिला शाहले बताइन।

# प्यूठानमा तीन वर्षमा दुई सय उद्योग खारेजी




बिबस जीएम
प्यूठान

पछिल्लो ३ वर्षमा प्यूठानमा झण्डै दुई सय उद्योग ब्यवसाय सञ्चालन गर्न दर्ता भएका फर्महरु खारेज भएका छन्। घरेलु तथा साना उद्योग कार्यालयको तथ्यांक अनुसार ३ आर्थिक वर्षमा उद्योग तर्फ १ सय १ र व्यापार व्यवसायबाट ९४ गरी १ सय ९५ उद्योग व्यवसायले आफ्नो दर्ता खारेजी गराएका हुन्।

आर्थिक बर्ष २०७८/०७९ देखी ०८०/०८१ सम्मको तथ्यांक अनुसार १ सय ९५ उद्योग/व्यवसाय दर्ता खारेजी भएको घरेलु तथा साना उद्योग कार्यालय खलंगाका सूचना अधिकारी चम्पक श्रेष्ठले जानकारी दिए।

श्रेष्ठका अनुसार धेरैजसो उद्योग लगानी गरे अनुरुपको आम्दानी गर्न नसक्दा बन्द भएको हुन। 'लगानी अनुसार नाफा नभएका कारण दर्ता खारेजि भएका होलान्' श्रेष्ठले भने। कार्यालयका अनुसार पछिल्लो दुई बर्षमा १ सय ९६ उद्योग व्यवसायहरु घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा दर्ता भएका छन्।

आर्थिक बर्ष २०७९/८० मा १ सय १२ र ०८०/०८१ मा ८४ व्यवसाय दर्ता भएका छन्। यद्यपि पछिल्लो समय ब्यवसाय खारेजी गर्नेको संख्या भने बढ्दै गएको कार्यालयले जनाएको छ। वि.स २०३८ सालदेखि स्थापित घरेलु तथा साना उद्योग कार्यालयमा २०८१ असार मसान्त सम्म उद्योग तर्फ ३ हजार ७ सय ८७ र वाणिज्य व्यापार तर्फ ३ हजार २ सय १३ ब्यवसायहरु दर्ता भएका छन्।पछिल्लो समय ५ लाख भन्दा कम लगानीमा सञ्चालन हुने उद्योग तथा व्यवसाय दर्ता गर्न स्थानीय तहलाई जिम्मा दिएको छ। ५ लाखभन्दा माथी एक करोड सम्म लगानिमा सञ्चालन हुने उद्योग तथा व्यवसाय घरेलुमा दर्ता हुने गरेका छन्।

# कांग्रेस प्रजातन्त्र सेनानी संघमा पुन: पोखेल




झुलेनी पोष्ट
प्यूठान

नेपाली कांग्रेस निकट प्रजातन्त्र सेनानीहरुले नेपाली कांग्रेसको भविष्यप्रति चिन्ता ब्यक्त गरेका छन्। नेपाल प्रजातन्त्र सेनानी संघ, जिल्ला कार्य समिति प्यूठानको तेस्रो अधिवेशनमा बोल्ने वक्ताहरुले नेपाली कांग्रेसको बर्तमान पार्टी साङ्गठनिक गतिबिधि प्रति असन्तुष्टी व्यक्त गर्दै कांग्रेसको गौरवपूर्ण ईतिहाँस भएपनि यथास्थितिमा पार्टीको भविष्य अन्यौल हुन लागेको बताएका हुन्। राजनीतिमा भएको त्यागको अपव्याख्या गर्दै पटकपटक लाभ लिन खोज्ने प्रबृत्ति बढ्दै जाँदा संङ्गठन कमजोर भएको उनिहरुको निष्कर्ष छ।। पूर्व सांसद एवं कांग्रेस नेता मुक्ति प्रसाद शर्माले पाटी नेतृत्वले बाटो बिराउँछ भने सेनानीहरुले खबरदारी गर्नुपर्ने बताए। शर्माले भने-'गलत गर्नेलाई जनता साम्यु ल्याउनै पर्छ। सेनानी संघले राम्रो भुमिका खेल्नु पर्छ। पाटी भित्र नेताहरुले आफ्नो स्वार्थका लागि गुट बनाएपनि सचेत जनताले गुटको पछी लाग्नु हुदैन।'सेनानी संघका केन्द्रीय सदस्य विधानप्रसाद श्रेष्ठले कांग्रेस सुदृढीकरण नगरी ओहिलेकै अवस्था कायम रहे कांग्रेसको ईतिहास भएको तर भविष्य नभएको पाटी हुने सम्भावना भएको भन्दै चिन्ता व्यक्त गरे। श्रेष्ठले राजनीतिमा त्याग भनेको बाध्यता हुने भएपनि कतिपय जेल बसेका र पारिवारिक राजनीतिक बिरासतलाई भजाएर लाभ लिइरहेको बताए।

यस्तै लुम्बिनी प्रदेश सांसद धनलक्ष्मी श्रेष्ठले सामाजिक गतिबिधिमा पाटीको सहभागिता कमजोर भएको बताइन। कतिपय सामाजिक गतिविधिमा आफूले अभिभावक बिहिनता भए जस्तो महसुस् गरेको उनको भनाई छ। अधिवेशनले सेनानी संघको अध्यक्षमा कमल प्रसाद पोखेललाई दोहोर्याएको छ। ७ सदसिय कार्यसमितिको उपाध्यक्षमा ऋषिराम पण्डित, सचिबमा कमल रिजाल, सदस्यहरुमा श्रीधर सुवेदी, दधिराम शर्मा, कुलचन्द्र उपाध्याय, र शम्शेर बर्मा निर्बाचित भएको निर्वाचन समिति संयोजक गोबिन्दराज पोखेलले जानकारी दिए। यस्तै केन्द्रीय प्रतिनिधिमा पूर्व सांसद मुक्तिप्रसाद शर्मा, टोपाराम पण्डित र देवराज गौतम चयन भएको पोखेलले बताए।

## घरजग्गा सिफारिस गरिएको सूचना

प्रस्तुत विषयमा प्यूठान जिल्ला स्वर्गद्धारी न.पा.वडा नं.३, मा स्थायी रुपमा बसोवास गर्ने निम बहादुर बिष्टको नाती, नारायण विष्टको छोरा सरद राम बिष्टले यस कार्यालयमा दिनुभएको निवेदन अनुसार नीजको नाममा साविक भिंग्री गा.वि.स.वडा नं.४, हाल स्वर्गद्धारी न.पा.वडा नं.३, मा कित्ता नं. १०९४, क्षेत्रफल ८०४.८४ जग्गाको निम्न अनुसारको चार किल्ला रहेको व्यहोरा सिफारिस गरिन्छ। साथै उक्त कित्तामा घर वनाउँदा चार किल्लाभित्र पर्ने सधियारहरु तथा संघ संस्थालाई असर पर्ने, नपर्ने वा जग्गा मिचिएको भए यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र नियमअनुसार दावी विरोध सहित निवेदन पेश गर्न यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| सि लं. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | चार किल्ला विवरण |
|---|---|---|---|---|
| १ | **साविक भिंग्री गा.वि.स.वडा नं.४, हाल स्वर्गद्धारी न.पा.वडा नं.३,** | १०९४, | **८०४.८४ वर्गमिटर** | पूर्वःताम बहादुर बिष्ट (कि.नं.१०९५)<br>पश्चिमः ताम बहादुर बिष्ट (कि.नं.६८५)<br>उत्तरः चकचके रोल्पा सडक<br>दक्षिणः बल बहादुर खड्का (कि.नं. ६५९) |

**कृष्ण बहादुर रोकाय**
**वडा अध्यक्ष**

**स्वर्गद्वारी नगरपालिका वडा नं. ३ को कार्यालय**
**जलुके, प्युठान**

# माण्डवीमा प्लाष्टिकका मालामा प्रतिबन्ध

झुलेनी पोष्ट
प्यूठान

माण्डवी गाउँपालिकाले प्लाष्टिकजन्य फुल-मालामा प्रतिबन्ध लगाएको छ।

वातावरणिय प्रदुषण न्यूनिकरण एवं स्थानीय पुष्प ब्यवसायिहरुको प्रवर्द्धनका लागि प्लाष्टिकका मालामा रोक लगाईएको गाउँपालिका अध्यक्ष नमराज अधिकारीले बताए।

स्थानीय ब्यवसायिले उत्पादन गरेको फूलले बजार नपाउने र चाडपर्वमा फूल-मालाकै लागि ठूलो धनराशी खर्च हुने भएकाले प्लास्टिकका मालामा रोक लगाईएको अधिकारीले बताए।

गाउँपालिकाले तिहार तथा छठमा रमाईलोको लागि प्रयोग हुने पटाकाजन्य विष्फोटक पदार्थहरुको उत्पादन, आयात, विक्री वितरण र भण्डारण गर्न समेत रोक लगाएको छ। सूचना जारी गर्दै पालिकाले यस्ता बस्तु विक्रि तथा प्रयोग नगर्न अनुरोध गरेको छ।

अनुगमनका क्रममा निषेधित कार्य गरेको पाईएमा कानून बमोजिम कारवाही प्रकृया अगाडी बढाउने गाउँपालिकाद्वारा जारी सुचनामा उल्लेख छ।

## बिमा.....

दोब्बर गर्ने महत्वाकांक्षा राख्नुपर्छ।

नेपालको स्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय बनाउन सबैभन्दा पहिला उपयुक्त प्रणाली (सिस्टम) बनाउनुपर्छ। स्वास्थ्य बीमा प्रणाली सबै नागरिकको पहुँचमा हुनुपर्छ। गरिबीको रेखामुनि रहेका परिवारले निःशुल्क सेवा पाउनुपर्छ। तिर्न सक्ने अवस्थाका र उच्च आय भएका व्यक्तिबाट पैसा लिनुपर्छ। स्वास्थ्य बीमाका लागि स्थायी रूपमा स्रोत सुनिश्चित गरेर व्यवस्थित गर्नुपर्छ। गुणस्तरीय सेवा दिनेसम्बन्धी नीति र प्रोटोकलमा काम गर्नुपर्छ।

उदाहरणका लागि – बिरामी आफैले मेरो 'एमआरआई' गर्नुपर्‍यो भन्दैमा गर्नु हुँदैन। बिरामीले छान्ने होइन, विज्ञ चिकित्सकले यो सेवा आवश्यक छ कि छैन भनेर स्वास्थ्य आवश्यकता (मेडिकल नेसेसिटी) का आधारमा निधो गर्नुपर्छ। यसो गर्न सकियो भने स्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय बनाउन मद्दत पुग्छ।

यी सबै कामका लागि 'डिजिटलाइज्ड हेल्थ सर्भिस' र 'इएमआर' सेवा महत्वपूर्ण हुन्छ। स्वास्थ्य बीमा बोर्डले नीति र प्रोटोकल बनाउने, तेस्रो पक्ष प्रशासक (टिपिए- थर्ड पार्टी एडमिनिस्ट्रेटर) ले बिल जाँच गरेर स्वास्थ्य संस्थालाई भुक्तानी दिने र सरकारले अनुगमन गर्ने प्रणाली बसाल्नुपर्छ। यसो भयो भने स्वास्थ्य सेवा गुणस्तरीय हुन्छ।

अन्त्यमा, नेपालमा शिक्षा र ज्ञानका हिसाबले 'क्लिनिकल एक्सपोजर' राम्रो छ। नेपालमा धेरै यन्त्र र उपकरणको प्रयोग भएको हुँदैन। आफ्नो बिरामी जाँचेर उसका समस्या प्रत्यक्ष रूपमै पत्ता लगाउने भएकाले नेपालका डाक्टरहरू 'क्लिनिकल एक्सपिरियन्स' मा दक्ष छन्। जिल्ला तहमा भने पर्याप्त उपकरण नहुँदा र प्रणाली पनि बलियो नहुँदा समस्या देखिएको छ।

स्वास्थ्य सेवामा एकरूपताको पनि अभाव छ। पहिलो कुरा बिरामीले आफ्नो उपचारको अधिकांश हिस्सा आफै तिर्ने गरेका छन्। सरकारले स्वास्थ्य क्षेत्रमा लगानी गरेको छ तर सेवाग्राहीमाफ राम्ररी पुगसकेको छैन। धेरै रकम प्रशासनिक खर्चमा गएको छ।

स्वास्थ्य सेवा प्रणालीगत रूपमा चलेको छैन। अधिकांश मानिसका लागि स्वास्थ्य सेवा निकै महँगो छ।

स्वास्थ्य सेवा प्रणाली प्रभावकारी बनाउन चिकित्सक र स्वास्थ्य प्रशासक दुवै जबाफदेयी र पारदर्शी हुनुपर्छ। अहिले पनि दुर्गम ठाउँमा आवश्यकता अनुसार जनशक्ति पुगेको छैन। दुर्गममा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन भत्ता दिनुपर्छ। दुर्गम भत्ता लिएर काठमाडौंमा वा कुनै सहरी इलाकामा बस्ने प्रवृत्ति नियन्त्रण गर्नुपर्छ।

गएको पाँच दशकमा नेपालीको औसत आयु बढेको छ। मातृ मृत्युदर र शिशु मृत्युदर घटेको छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने र स्वास्थ्य सेवामा समान पहुँच हुने मौलिक हकको प्रावधान राखेको छ। मौलिक हक व्यवहारमा उतार्न सरकारले ठोस निर्णय गर्न आवश्यक छ। त्यसो गर्न अहिलेको स्वास्थ्य बीमाको सीमा बढाएर प्रतिव्यक्ति पाँच लाख रूपैयाँसम्म पुऱ्याउन जरूरी छ। राज्यले हाल लिने गरेको स्वास्थ्य जोखिम करमा वृद्धि गरी स्रोत सुनिश्चित गर्नुपर्छ। स्वास्थ्य सेवा प्रणाली सुधार गरी स्वास्थ्य बीमा प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्छ। नागरिकलाई भरपर्दो र सुलभ स्वास्थ्य सेवा पुऱ्याउनु राज्यको संवैधानिक दायित्व हो। यस्तो दायित्व पूरा गर्न स्रोतको अभाव हुने देखिँदैन तर बलियो राजनीतिक इच्छा शक्ति चाहिएको छ। (लेखक एनआरएनए अमेरिकाका पूर्वअध्यक्ष तथा स्वास्थ्य सेवा व्यवस्थापन विज्ञ पनि हुन्।)

सेतोपाटीबाट साभार

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्यविकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

☎०८६-४२०१८७/४२००१४
ईमेल:ialdopyuthan@gmail.com
वेब साईट: ialdopyuthan.lumbini.gov.np

## प्रश्तावना आव्हान सम्बन्धि सूचना

प्रथम पटक सूचना मिति:२०८१/०७/०४

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठानको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्न बमोजिमका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८१/०७/०४ गते देखि २०८१/०७/२४गते सम्म) यस कार्यालयमा तपसिलको कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्याबसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट ialdopyuthan.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ।प्रस्ताब पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यस्को भोलिपल्ट कार्यालय समय भित्र प्रस्ताब पेश गर्नुहुन अनुरोध छ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०८६-४२०१८७ मा वा सूचना अधिकारीको (सम्पर्क नं.९८४७४६१३०४) मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

### कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरू | न्यूनतम मापदण्ड | स्वीकृत बजेट | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १ | बीउ आत्मनिर्भर कार्यक्रम | - उत्पादन सामग्रीः स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, , सुक्ष्म तत्व खरिद,<br>- प्याकेजिङ सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरू खरिद | - वीउ आत्मनिर्भर कार्यक्रम न्यूनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्ने,<br>बीज वृद्धि — पहाड(रोपनी)<br>तरकारी बीउ — ५<br>खाद्यान्न बाली बीउ — ६०<br>दलहन/ तेलहन बीउ — २०<br>- एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने,<br>-सामूहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने,<br>-बीउ बिजन कारोवार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने,<br>-स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने। | खाद्यान्न बालीमा रु.७.५ लाख र तरकारी बालीमा रु.२ लाख | - वीउ आत्मनिर्भर कार्यक्रमको हकमा प्रोत्साहन स्वरूप देहाय बमोजिम रकम उपलब्ध गराइनेछ।<br>- तरकारी बीउ उत्पादनमा प्रति रोपनी रु. ५०००/-<br>- खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु.१५००/- अनुदान दिइने। |
| २ | सिंचाई सहित कृषि विकास कार्यक्रम | - सोलार सिंचाई, थोपा सिंचाइ,लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद,<br>- सिंचाई कुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार। | - कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>-निजीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>- यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>- विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। | रु. ४० लाख | - पूर्वाधार (सिंचाइ कुलो, पोखरी, सोलार सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाइको फिल्टर सेट, बोरिङ्ग) निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, पाइप आदी) को हकमा अधिकतम ५० प्रतिशत,<br>- समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु २ लाख अनुदान। |
| ३ | पि. वि. एस/ टि. पि. एस. बीउ आलु वितरण | - बीउ खरिद तथा वितरण, | - कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,सिंचाईको सुविधा भएको हुनु पर्ने,<br>- बीउ उत्पादन कार्यमा संलग्न भएको हुनुपर्ने,<br>- उत्पादित आलु बीउ प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्ने। सूचना आह्वान अनिवार्य नरहेको। | पि.वि.यस.मा रु. १ लाख र टि.पि.एस.मा रु. ३० हजार | कुल लागतको ७५ प्रतिशत अनुदान। |
| ४ | व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम (प्यूठान नगरपालिका) | - उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, प्राथमिक प्रशोधन, बजारीकरण सामग्रीहरू, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | - कृषक/फर्म/कम्पनी/कृषकसमूह/सहकारीसहभागी हुन सक्ने,<br>- सामूहिक रूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा १० कठ्ठा (हिमाली जिल्लाको हकमा २.५ रोपनी) मा खेती गर्नुपर्ने।<br>- जिल्लामा व्यावसायिक तरकारी खेतीको विवरण तयार गरी क्षेत्र निर्धारण गर्नु पर्ने। | रु. ५ लाख | - यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>- निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत<br>- बीउविजन/बेर्ना ५० प्रतिशत र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>- प्रति हेक्टर अधिकतम रु. १ लाख अनुदान |
| ५ | उद्योग लक्षित आलु प्रवर्द्धन कार्यक्रम | - कृषि उत्पादन सामाग्री (मलखाद वाहेक)मा अनुदान सहयोग गर्न सकिने<br>-उद्योग लक्षित उत्पादनमा आधारित प्रोत्साहन अनुदान सहयोग।<br>- उद्योग लक्षित बीउ आलु भण्डारणको लागि शीत भण्डार गृह सम्म ढुवानी अनुदान सहयोग | - उद्योग लक्षित सामूहिक उत्पादन/ विक्री योजना हुनुपर्ने।<br>- उद्योगसँग खरिद विक्री गर्ने/गरेको प्रमाण पेश गर्नुपर्ने।<br>- कृषि उत्पादन सामाग्री अनुदान सहयोग वा उत्पादनमा आधारित प्रोत्साहन अनुदान सहयोग मध्ये कुनै एकमा मात्र अनुदान सहयोग गर्नुपर्ने।<br>- कम्तिमा एक योजनामा ५० मेट्रिक टन भन्दा बढीको कारोवार हुनुपर्ने। | रु. ११ लाख | - स्वीकृत बजेटको परिधिभित्र रही उत्पादन सामाग्रीको हकमा ५०% सम्म अनुदान सहयोग गर्न सकिने।<br>- उत्पादनमा आधारित प्रोत्साहन अनुदानमा प्रति किलोग्राम रु. ५ सम्म अनुदान दिन सकिने।<br>- बीउ आलु ढुवानीको हकमा उत्पादन स्थल देखी शित भण्डार स्थान सम्म प्रचलित दर रेट अनुसार शत प्रतिशत ढुवानी अनुदान दिन सकिनेछ। |
| ६ | रैथाने वालीको प्रबर्द्धन तथा बजारीकरण कार्यक्रम | - बीउ, प्राङ्गारिक मल, शुक्ष्म तत्व<br>- प्रशोधन गर्ने औजार/ उपकरण<br>- ग्रेडिङ लेवलिंङ प्याकेजिङ तथा वजारीकरणमा सहयोग।<br>- प्रचार प्रसार | -कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीबाट एकल वा सामुहिक रुपमा वजारयोग्य परिमाणमा उत्पादन भएको हुनुपर्ने। | रु. १ लाख | - कार्यालयले लागत अनुमान स्वीकृत गरी वस्तुगत सहयोग उपलब्ध गराउने। |
| ७ | करार खेती कार्यक्रम | - करारमा खेती गर्नेकृषक/ फार्म/ समूह/ सहकारीलाई जग्गाको भाडामा सहयोग गरिने। | - करारनामा स्थानीय तहको रोहवरमा गर्नुपर्ने।<br>- एकाघरको परिवार बाहेकमा करारनामा हुनुपर्ने।<br>- भूमिहिनलाई वा ५ कठ्ठाभन्दा कम जग्गा भएका कृषकलाई प्राथमिकता दिइने।<br>- वाझो जग्गा वा संस्थागत जग्गा भाडामा लिनेलाई प्राथमिकता दिइने।<br>-करारनामामा कम्तिमा ५ वर्ष खेती गर्ने प्रतिवद्धता हुनुपर्ने । | रु. ६ लाख | - प्रति हेक्टर अधिकतम ३० हजारका दरले जग्गा भाडा वापत अनुदान दिन सकिने।<br>- प्रति अनुदानग्राही अधिकतम ३ हेक्टरसम्म कार्यक्रम सञ्चालन गर्न सकिने। |
| ८ | बाख्रा प्रबर्द्धन कार्यक्रम | - खोर निर्माण/सुधार,Dipping Tank खरिद/निर्माण तथा जडान<br>-मेसिनरी औजार, -उन्नत घाँस खेती,<br>- नश्ल सुधार, -औषधि/उपचार तथा खोप, -जैविक सुरक्षा | - फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>- प्रति फर्म कम्तिमा ५ वटा माउ बाख्रा पालन गरेको हुनुपर्ने।<br>- समुह/सहकारीको हकमा कम्तिमा ५० वटा माउ बाख्रा पालन गरेको हुनुपर्ने।<br>-पशुहरुको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी /कृषक समूह/सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने। | रु. २० लाख | - पुर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत,<br>- अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत,<br>- फर्म/कम्पनी प्रति आयोजना अधिकतम रु. १ लाख र समुह/सहकारी अधिकतम रु. ५ लाख सम्म अनुदान दिन सकिने। |
| ९ | बंगुर प्रबर्द्धन कार्यक्रम | - खोर निर्माण/सुधार, -नश्ल सुधार,<br>-मेसिनरी औजार, -जैविक सुरक्षा।<br>-पोषणयुक्त घाँस सहित आहार,<br>-औषधि/उपचार तथा खोप, | - फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>- प्रति फर्म कम्तिमा ३ वटा माउ सहित ५ वटा बंगुर पालन गरेको हुनुपर्ने।<br>-समुह/सहकारीको हकमा कम्तिमा २० वटा माउ बंगुरपालन गरेको हुनुपर्ने।<br>-पशुहरुको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी /कृषक समूह/सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने। | रु. २० लाख | - पुर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत,<br>- अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत,<br>- फर्म/कम्पनी प्रति आयोजना अधिकतम रु. १ लाख र समुह/सहकारी अधिकतम रु. ३ लाख सम्म अनुदान दिन सकिने। |
| १० | पाेषाणा घ.सुधारका लागि ग्रामिण कुखुरापालन कार्यक्रम | - खोर सुधार वा निर्माण,<br>- पोषण आहार व्यवस्थापन, -तालिम<br>-खोप र उपचार - दानापानीका भाँडा,<br>- उच्च नश्लका चल्ला वितरण,<br>- परजीवि नियन्त्रण, | - सरोकारवालाको समन्वयमा विपन्न समुदाय(दलित, महिला, मुक्त कमैया, पिछडा वर्ग, जनजाती र अन्य) मा प्राथमिकता दिई स्थान र कृषकको छनौट गर्ने,<br>- कम्तिमा २५ जना कृषकहरुको समुह भएको गाउँ नै उत्पादन कलष्टर हुने गरी सञ्चालन हुनुपर्ने,<br>- पुर्वाधार निर्माण समेतको कार्य सञ्चालन गरी प्रति कृषक ५० वटा ६ हप्ता हुर्किएको कुखुराको चल्ला वितरण गर्नुपर्ने,<br>- चल्ला वितरण गर्दा सम्भव भएसम्म सरकारी स्रोत केन्द्र वा मार्फत गर्नुपर्ने,<br>- कार्यक्रमको लागत विवरण अनुसूची ३१ बमोजिम गर्ने | रु. १० लाख | - कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्नेछ,<br>- पुर्वाधार निर्माणमा ७५ प्रतिशत र अन्य उत्पादनमुलक क्रियाकलापमा शत प्रतिशत अनुदान दिन सकिने। |

तपसिलको कागजातहरू: १. प्रस्तावकको निवेदन। (अनुसूची-३३ बमोजिम), २.दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)। ३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि। ४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)। ५.कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-३५ कृषि तर्फ र अनुसूची-३६ पशुपन्छी तर्फ) बमोजिम। ६.सम्बन्धित स्थानीय तहको सिफारिस पत्र। ७.प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि। ८.प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि। ९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा। १०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि। जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष तोकिएको करार सम्झौता-पत्र)।

पुनश्च :- माथि उल्लेखित सम्पूर्ण कार्यक्रमहरु “कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१” अनुसार सञ्चालन गरिने हुँदा यस पश्चात कार्यविधिमा कुनै संसोधन हुन गएमा सोहि बमोजिम गरिने व्यहोरा अनुरोध छ।

उमेश चन्द्र श्रेष्ठ (नि.प्रमुख)

# मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु

**झुलेनी पोष्ट**

प्यूठान

ऐरावती गाउँपालिकामा भएको मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु भएको छ । ऐरावती गाउँपालिका ६ हरियाखोला नजिकै लु २७ प ९१३४ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा सोही ठाउँका २७ बर्षिय नवराज श्रेष्ठको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जानकारी दिएको छ ।दुर्घटनामा परि घाइते भएका श्रेष्ठको उपचारको क्रममा प्यूठान अस्पताल बिजुवारमा मृत्यु भएको हो । रातीको समयमा तिब्र गतिका कारण मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको हुन सक्ने प्रहरीको अनुमान छ ।

# वार्षिकोत्सबको अवसरमा रक्तदान कार्यक्रम

**झुलेनी पोष्ट**

प्यूठान

सिटिजन लाइफ इन्स्योरेन्सले आफ्नो वार्षिकोत्सबको अवसरमा रक्तदान कार्यक्रम गरेको छ ।

इन्स्योरेन्सको सातौँ वार्षिकोत्सवको अवसरमा शुक्रबार जिल्ला शांखा प्यूठानले रक्तदान कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा ११ जनाले रक्तदान गरेको नेपाल स्वयंसेवी रक्तदाता समाजका सदस्य जीवन खनालले बताए ।

नेपाल रेडक्रस सोसाइटी बिजुवार उपशाखा बिजुवारमा रक्तदान कार्यक्रम गरिएको हो । कार्यक्रममा ईन्स्योरेन्सका कर्मचारी र अभिकर्ताहरुले रक्तदान गरेको खनालले जानकारी दिए ।

बिरामिहरुलाई आवश्यक पर्ने रगतको उपलब्धतालाई मध्येनजर गदै सामाजिक तथा मानवीय सेवा एवं जीवन रक्षामा टेवा पुगोस भनेर वार्षिकोत्सबको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको शाखा प्रमुख दिनेश कार्कीले बताए ।

## नियन्त्रणमुखी....

एनजिओ नियमनमा अधिक सुरक्षा-केन्द्रित दृष्टिकोणतर्फको झुकावले नागरिक समाजप्रतिको सरकारको दृष्टिकोणमा गम्भीर परिवर्तनको सङ्केत दिन्छ । एनजिओ गतिविधिमा प्रतिबन्धहरूको औचित्य प्रमाणित गर्न "राष्ट्रिय हित" जस्ता अस्पष्ट शब्दहरूको प्रयोगले अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक सहभागितामा सम्भावित सीमितताहरूबारे चिन्ता बढाएको छ । यसका लागि नेपालले "राष्ट्रिय हित" जस्ता गम्भीर शब्दावलीहरूको सरल र सूचीबद्ध तालिका तयार गर्न सके यस शब्दको आ-आफ्ना बुझाइहरूलाई एकीकृत गर्न सकिन्छ।

**सन्तुलित व्यवस्थाः सदाचार र विकास**

नेपालले आफ्नो विकास उद्देश्यहरू प्राप्त गर्नेतर्फ अग्रसर भैरहेको अवस्थामा गैरसरकारी संस्था र आईएनजिओहरूको योगदानका साथसाथै उनीहरूलाई गरिने नियमनका आवश्यकतालाई सावधानीपूर्वक सन्तुलनमा राख्दा देशले बढी लाभ प्राप्त गर्न सक्छ। सरकारले यी लक्ष्यहरू पूरा गर्न महत्वपूर्ण वित्तीय अन्तरको सामना गरिरहेको सन्दर्भमा नेपालले सन् २०३० सम्ममा घरेलु खर्चको ८० प्रतिशत राजस्वबाट हुने लक्ष्य राखेको छ । यो महत्वाकांक्षी लक्ष्यको प्राप्तिको लागि अन्तर्राष्ट्रिय समर्थन र साझेदारीको निरन्तर महत्त्वलाई ध्यान दिनु पनि उत्तिकै आवश्यक हुन्छ ।

**अगाडिको बाटो**

सदाचार र प्रगतिबीच सन्तुलनको प्रयास भैरहेको परिदृश्यमा नेपालले केही कुराहरूमा ध्यान पुऱ्याउन सबैलाई फाइदा हुन्छ । सरोकारवालाको संलग्नताः कुनै पनि नयाँ नीतिहरू व्यावहारिक र प्रभावकारी छन् भनी सुनिश्चित गर्न सरकारले एनजिओ, आईएनजिओ र अन्य सरोकारवालाहरूसँग व्यापक परामर्शमा संलग्न हुनुपर्छ ।सन्तुलित दृष्टिकोणः नियमन कडाइका साथसाथै नागरिक समाजका लागि सकारात्मक र उत्प्रेरक वातावरणको सृजना गर्नु पनि उत्तिकै आवश्यक हुन्छ ।

विभिन्न देशहरूको सन्तुलित दृष्टिकोणबाट नेपालले सिक्न सक्छ ।क्षमता निर्माणः कुनै पनि नयाँ नीति वा कानून वा आचारसंहिता लागू गर्नुअघि सोको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित निकायहरूको संस्थागत क्षमताको विकास हुनु पनि उत्तिकै आवश्यक हुन्छ । यसले उक्त कानुन वा नीति वा आचारसंहिताबाट प्रभाव पर्ने क्षेत्रलाई अनावश्यक तनाव तथा समस्याहरूबाट बचाउँछ । अन्तर्राष्ट्रिय मापदण्डसँग मेलमिलापः कुनै पनि नयाँ नीति अन्तर्राष्ट्रिय सन्धि र मानवअधिकार मापदण्डअन्तर्गत नेपालको प्रतिबद्धतासँग मेल खाने हुनुपर्दछ ।

नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिबद्धता अनुकूल नीति तर्जुमा गर्दा सोको मान्यता र स्वीकार्यता दुवैमा बढोत्तरी हुन्छ। पारदर्शितामा ध्यानः वैचारिक नियन्त्रणको सट्टा वित्तीय पारदर्शिता र जवाफदेहितामा जोड दिएर एनजिओ र आईएनजिओहरूको बहुमूल्य योगदानलाई कायम राख्दै वैध चिन्ताहरूलाई सम्बोधन गर्न मद्दत गर्न सकिन्छ। ध्यान दिनुपर्ने कुरा के छ भने राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ-संस्थाहरूको आ-आफ्नै प्रकारका आचारसंहिता र नीतिहरू हुनुका साथै सम्बन्धित देशको नियम, कानुन र निर्देशिकाहरूको पालना भइरहेको हुन्छ । जवाफदेही, पारदर्शिता र नीतिनियमको पालना नहुँदा कानून अनुसार दण्ड सजाय र जरिवाना तिरेका उदाहरणहरू पनि प्रशस्तै पाइन्छ ।

**आकस्मिक योजनाः** गैरसरकारी संस्था र आईएनजिओहरू परिचालन कम गर्न बाध्य भएमा सरकारले सेवा प्रावधान वा विकासका काममा सम्भावित अन्तरलाई सम्बोधन गर्न विस्तृत योजनाहरू विकास गर्नुपर्दछ। यसका लागि भावना र आवेगभन्दा पनि अनुभव र तथ्यहरूको विश्लेषणको आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिहरूको अवलम्बन गर्नसके नेपालको आत्मनिर्भरतातर्फको यात्रा सहज हुन्छ । भावना र आवेगभन्दा पनि अनुभव र तथ्यहरूको विश्लेषणको आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिहरूको अवलम्बन गर्नसके नेपालको आत्मनिर्भरतातर्फको यात्रा सहज हुन्छ ।

**निष्कर्ष**

नेपाल आफ्नो विकास यात्राको महत्वपूर्ण मोडमा उभिएको छ । सदाचार नीतिको प्रस्तावले देशको विकास प्रक्रियामा योगदान पुऱ्याउने संघसंस्थाहरू उपर बढी नियन्त्रणमुखी भएको सरोकारवालाहरूको बुझाइ रहेको छ । यसले नेपालको प्रगतिमा महत्त्वपूर्ण भूमिका खेलेको जीवन्त नागरिक समाज क्षेत्रका लागि पनि जोखिमको अवस्था सृजना गरेको छ । देशले समृद्धिको यात्रा तय गरिरहँदा जवाफदेहिता सुनिश्चित गर्न र एनजिओ र आईएनजिओहरूको बहुमूल्य योगदान कायम राख्न बीचको नाजुक सन्तुलन कायम गर्नुपर्दछ । लोकतान्त्रिक राष्ट्रहरू लगायत अन्य देशका अनुभवहरूबाट सिकेर काम गर्नुपर्छ । सरोकारवालाहरूसँगको अर्थपूर्ण संवादमा संलग्न हुनुपर्छ । पारदर्शिता र क्षमता निर्माणमा ध्यान केन्द्रित गरेर, नेपालले आफ्नो विकासमा वैदेशिक सहयोग र सो परिचालन गर्न नेपालको कानुन अनुसार क्रियाशील संघसंस्थाहरूको पूर्ण क्षमताको उपयोग गर्दै सदाचारयुक्त वातावरण सृजना गर्न सक्छ ।आगामी महिना र वर्षहरूमा गरिने निर्णयहरूले नेपालको महत्वाकांक्षी विकास लक्ष्यहरू प्राप्त गर्ने क्षमतामा गहिरो प्रभाव पार्नेछ । विचारशील नीति निर्माण र समावेशी कार्यान्वयनका साथ, नेपालसँग दिगो, स्थानीय रूपमा सञ्चालित विकासलाई समर्थन गर्ने र सम्पन्न लोकतन्त्रमा नागरिक समाजको आवश्यक भूमिकालाई कायम राख्ने जिम्मेवार र प्रभावकारी एनजिओ नियमनका लागि मोडेल सिर्जना गर्ने अवसर प्राप्त भएको छ ।

## प्राईभेट तथा साझेदारी फर्म दर्ता, नविकरण र खारेजी सम्बन्धी अत्यन्त जरुरी सूचना

लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा १२ अनुसार, प्राईभेट तथा साझेदारी फर्मको दर्ता, नविकरण र खारेजी सम्बन्धी देहाय बमोजिम विशेष व्यवस्था रहेको हुँदा यस कार्यालयमा दर्ता रहेका जिल्ला स्थित सम्पूर्ण उद्यमी/व्यवसायीहरु तथा सम्बन्धीत सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

विशेष व्यवस्थाः आर्थिक ऐन, २०८१ दफा १२

१. आ.व. २०७८/७९ सम्म वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरी संचालनमा रहेका वा दर्ता भई संचालनमा नरहेका प्राईभेट तथा साझेदारी फर्मले संवत २०८१ साल चैत्र मसान्तभित्र विवरण सहित नविकरण बा दर्ता खारेज गर्न चाहेमा नियमानुसार लाने नविकरण शुल्क र जरिवाना रकमको पाँच प्रतिशत (५%) ले हुन आउने रकम दाखिला गरेमा बाँकी शुल्क वा जरिवाना मिनाहा गरी नविकरण वा दर्ता खारेज गरिनेछ ।

२. आ.व. २०८१/०८२ मा लघु, घरेलु तथा साना उद्योगलाई दर्ता गर्दा प्रचलित व्यवस्था अनुसार लाग्ने अन्तिम दर्ता शुल्कको ५० प्रतिशत छुट दिई दर्ता गरिनेछ ।

पुनश्चःआवश्यक कागजात दर्ता प्रमाण पत्रको सक्कल प्रति र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

**घरेलु तथा साना उद्योग कार्यालय**


**खलंगा, प्यूठान**


लक्ष्मी ट्रेडर्स

प्यूठान न.पा ४ जुम्री प्यूठान

सम्पर्क :
०८६-४६०६४१
९८५७८२०६८२
९८४४९०९६७०

प्रो. बद्री श्रेष्ठ



हामी कहाँ सिमेन्ट, सरिया, इटा, जि आइ, पि बीसी, एच जि पी, पाइप, पाइप फिटिङ्ग, कर्कट पाता, ट्वाइलेट तथा बाथरुम फिटिङ्ग, पानी टंकी रंग रोगान र प्लास्टिक पेन्ट पनि पाइन्छ ।

**जाबुने....**

दिउँसो परेवा उडाउनुका साथै बोका, राँगाको बलि दिने गरिन्छ । यसरी आलमदेवीको पूजा गरेर देवीलाई खुशी पारेपछि तरबार (सराय) नाच्ने चलन रहेको सुनारले बताए ।

यो कोटमा पहिलेदेखी नै कामीहरूले देवता निकाल्ने र राख्ने चलन छ । दसैंमा सराय खेल्ने तथा चवर (चौरी गाईको पुच्छर) नचाउने गर्दछन । २०१७ सालभन्दा अगाडि तुलबहादुर कामी पुजारी रहेको स्थानीय जेष्ठ नागरिकहरु बताउँछन् । त्यस यता डोरबहादुर कामी पुजारी थिए । २०७७ सालमा उनको निधनपछि छोरा रबिन सुनारले मुख्य पुजारीको काम गर्दै आएका छन् ।

हाल सालिकराम शर्मा र डम्बरबहादुर घर्ती मगर सहायक पुजारी छन् । प्यूठानका ३८ कोटमध्ये कामी अर्थात दलित समुदायको पुजारी भएको यो मात्र एउटा कोट हो ।

ऐरावती गाउँपालिका-३ का वडाअध्यक्ष पदम जि.सी.ले गाउँका सबैले दलित पुजारीलाई माया र सम्मान गर्ने गरेको बताए । उनले भने,'यो धार्मिक सहिष्णुताको नमूना मन्दिर हो । यहाँ दलित र गैर दलितबीच कुनै पनि विभेद हुँदैन ।'

# ६९ औं प्रहरी दिवस खलंगामा बनाइयो



**झुलेनी पोष्ट**
प्यूठान

जिल्ला प्रहरी कार्यालय प्यूठानले ६९ औं प्रहरी दिवस विविध कार्यक्रम गरि मनाएको छ । दिवसको अवसरमा बुधबार खलंगा स्थित प्रहरी कार्यालय परिसरमा रहेको अमर प्रहरी स्मारकमा पुष्पहार माल्यार्पण गर्नुका साथै विभिन्न ब्यक्तित्वहरुलाई सम्मान गरेर प्रहरी दिवस मनाएको हो । दिवसमा अमर प्रहरी परिवार, जेष्ठ पूर्व प्रहरी कर्मचारी र कार्यालयलाई विभिन्न माध्यमबाट सहयोग गर्ने कार्यालय र ब्यक्तिलाई प्रशंसा-पत्र र दोसल्ला ओडाएर सम्मान गरिएको जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रहरी प्रमुख डिएसपी दिपेश बस्यालले बताए ।

प्रहरी कार्यालय संग सहकार्य गर्ने प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना, प्यूठान र समाजिक डिभिजन कार्यालय प्यूठानलाई प्रहरी कार्यालयले सम्मान गरेको छ । त्यस्तै, स्वर्गद्धारी आश्रमका सहायक कोठारी रामचन्द्र अधिकारी, ऐरावती गाउँपालिका-५ का कलाकार अर्जुन गन्दर्व, प्यूठान नगरपालिका-८ का व्यवसायी प्रेमबहादुर थापालाई पनि सम्मान गरेको छ । यस्तै प्रहरी चौकी पुरन्ठाँटी (बरौंला) र देविस्थानलाई निःशुल्क जग्गा उपलब्ध गराउने जग्गादातालाई समेत सम्मान गरिएको छ ।

प्यूठान जिल्लामा उत्कृष्ट कार्यसम्पादन गर्ने प्रहरी निरिक्षक केशव के.सी., प्रहरी सहायक निरिक्षक योगराज गुरुङ, प्रहरी हवल्दार नविन थापा, प्रहरी सहायक हवल्दार रेनु चौधरी र प्रहरी जवान माधव श्रेष्ठलाई नगद सहित पुरस्कृत गरिएको छ । साथै दिवसको अवसरमा सञ्चालित टेवलटेनिस, ब्याडमिन्टन, हाजिरी जवाफ प्रतियोगिता लगायतका विभिन्न प्रतियोगिताका विजेताहरुलाई प्रमाण पत्र सहित पुरस्कार वितरण गरिएको छ ।

६९ औं प्रहरी दिवसको औपचारीक कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी रमा आचार्य(सुवेदी)ले शान्ति सुरक्षा, अपराध अनुसन्धान र सामाजिक कार्यमा नेपाल प्रहरीले उत्कृष्ट कार्यसम्पादन गर्दै आएको बताइन् ।


## गाउँपालिकाबासीलाई अनुरोध

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं ,
- बाढी र पहिरो जस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं ।

अनुरोधक :
**नौबहिनी गाउँपालिका**
गाउँकार्यपालिकाको कार्यालय बाहाने, प्यूठान

## नगरपालिकाबासीलाई अनुरोध

मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

अनुरोधक :
**स्वर्गद्वारी नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय भिंगृ, प्यूठान

## झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा प्रकाशित

झुलेनी पोष्ट साप्ताहिक पत्रिकामा समाचार, सूचना, विज्ञापन, लेख, रचना पठाउनका लागि,
फोन : ०८६-५९०४३६ मा सम्पर्क गर्न सकिनेछ।
mail :jhulenipyuthan@gmail.com
**झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.**
**प्यूठान नगरपालिका-४ भौका प्यूठान**

## खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् ।
**त्यसैले,**
- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव ब्यवस्थापन गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**


झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ती (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन :०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : हाम्रो एकता प्रकाशन गृह, जुम्री ,प्यूठान